# माई स्मल हेल्प, ललितपुर

## प्रगति विवरण २०७८।७९

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‍याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च ब्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०७८।७९ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- माई स्मल हेल्प नेपालको मुख्य आयस्रोत भनेको माई स्मल हेल्प यू.के. हो । माई स्मल हेल्प यू.के.बाट मासिक रुपमा रकम प्राप्त हुन्छ र त्यही रकमबाट कार्यक्रमहरु संचालन गरिन्छ । सोही अनुरुप यो आर्थिक बर्ष २०७८।७९ मा रु. ४,७१२,८९०।३३ अक्षररुपी सट्चालिस लाख बाह्र हजार आठ सय नब्वे रुपैयाँ तेतिस पैसा प्राप्त भएको छ ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो । कक्षा १ पढ्ने साना नानीहरु देखि स्नातक सम्मको अध्ययन् गरिरहेका विद्यार्थी भाइबहिनीहरुले यस कार्यक्रमबाट प्रत्यक्ष रुपमा सहयोग पाईरहेका छन् ।

- विभिन्न समयमा संस्थाद्धारा सहयोग गरिएका नानीहरुलाई आवश्यक पर्ने सहयोग जस्तै खाजा खर्च , बस भाडा, स्वास्थ्य साथै भाषा कक्षा आदिमा खर्च उपलब्ध गराईयो ।

mysmallhelp
...helping hands

- यस आर्थिक वर्षमा ६ जना विद्यार्थीलाई स्नातक तहको शिक्षा, ५ जना विद्यार्थीलाई +2 तहको शिक्षा तथा २८ जना विद्यार्थीहरुको लागि विद्यालय तहको शिक्षाको लागि आवश्यक अन्य सहयोग गरियो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका सम्पूर्ण विद्यार्थीहरुको लागि दशैं तथा क्रिसमसको अवसर पारि आवश्यक सामाग्रीहरु उपहार स्वरुप वितरण गरियो ।

- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका विद्यार्थी एलिसा थापामगरको परिवारको (एकल आमा) लागि घरभाडा तथा रासन खर्च उपलब्ध गराईयो ।

- ललितपुर, बाफल स्थित जीनवको आशा नेपाल संस्थामा बस्ने बच्चाहरुको उपभोगको लागि इनारको पानीमा फिल्टर जडान कार्य सम्पन्न गरियो ।

- पर्सा जिल्ला, सुगौली पर्टेवा गाउँपालिका ५ मोरटोल स्थित श्री जय दुर्गे दलित आधारभूत विद्यालयको राष्ट्रपती शैक्षिक कोष अर्न्तगत बनेको दुई कोठे पक्की भवन बजेट अभावको कारण छत ढलानको अबस्थामा पुगी निर्माण अपुर्ण रहेको कारण यस संस्थाको पहलमा कोष संकलन गरि छत ढलान, प्लास्टर, झ्याल ढोका तथा रङ्गरोगन गरी निर्माण सम्पन्न गराइयो ।

- मानवीय सरोकार केन्द्रको बच्चाहरुको दैनिकी गुजाराको लागि आर्थिक सहयोग उपलब्ध गराइयो ।

आर्थिक वर्ष २०७८।७९ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने ब्यक्ति

नाम : विनोद महर्जन

हस्ताक्षर :

पद : सचिव

मिति : २०७९/४/१५

छाप :